एकाइ ३ · हाम्रा सामाजिक मूल्य र मान्यता: सम्पदा, लोकगीत, लोकबाजा र नृत्य

कार्यपत्र

पूर्णाङ्क ४०

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / ४०

१ मुख्य शब्द [४]

कोठामा दिइएका उपयुक्त शब्द छानी तलको अनुच्छेदका खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

अमूर्त सम्पदा **नौमती बाजा** **पञ्चे बाजा** **मूर्त सम्पदा** **राष्ट्रिय सम्पदा** **लोकगीत** **लोकनृत्य** **लोकबाजा** **विश्वसम्पदा सूची** **शास्त्रीय नृत्य**

पुर्खाबाट हामीसम्म आइपुगेका, राष्ट्रका लागि महत्त्वपूर्ण र जोगाउनुपर्ने स्थान, वस्तु, कला, संस्कृति र प्राकृतिक स्थल _____ हुन्। देख्न र छुन सकिने सम्पदालाई _____ भनिन्छ भने छुन नसकिने तर पुस्तौँदेखि सिकिँदै र सिकाइँदै आएका ज्ञान, सिप र चलनलाई _____ भनिन्छ। स्थानीय समुदायमा सिर्जना भएका र पुस्तौँदेखि गाइँदै आएका गीतलाई _____ भनिन्छ। जातजाति र समुदायमा परम्परादेखि प्रचलित मौलिक बाजालाई _____ भनिन्छ। बिहे, व्रतबन्ध र जात्रामा एकसाथ बजाइने पाँच थरी बाजालाई _____ भनिन्छ। लोकगीत वा लोकभाकामा आधारित भएर सुर, ताल र लयमा नाचिने नाचलाई _____ भनिन्छ। धर्मशास्त्र र देवीदेवताको चरित्र वर्णन गर्दै तोकिएका नियमअनुसार नाचिने नृत्यलाई _____ भनिन्छ।

२ जोडा मिलाउनुहोस् [३]

समूह ‘क’ का नाचलाई समूह ‘ख’ मा दिइएका ती नाच प्रचलित समुदाय वा क्षेत्रसँग जोडा मिलाई कोठामा अक्षर लेख्नुहोस्। समूह ‘ख’ को एउटा उत्तर बढी छ। प्रत्येकको ०.५ अङ्क छ।

समूह ‘क’		समूह ‘ख’
१. देउडा नाच	☐	**क.** मगर समुदाय
२. मारुनी नाच	☐	**ख.** नेवार बौद्ध परम्पराका वज्राचार्य र शाक्य
३. झिझिया नाच	☐	**ग.** गुरुङ समुदाय
४. घाटु नाच	☐	**घ.** कर्णाली र सुदूरपश्चिमका पहाडी समुदाय
५. धान नाच	☐	**ङ.** राई समुदाय
६. साकेला	☐	**च.** लिम्बू समुदाय
		छ. मिथिलाका महिला

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. लोकनृत्य मूर्त सम्पदा हो। ☐

ii. चितवन राष्ट्रिय निकुञ्ज नेपालको पहिलो राष्ट्रिय निकुञ्ज हो। ☐

iii. सारङ्गी फुकेर बजाइने लोकबाजा हो। ☐

iv. कार्तिक नाच शास्त्रीय नृत्य हो। ☐

४ अति छोटो उत्तर [८]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. नेपालका कतिओटा सम्पदा क्षेत्र युनेस्कोको विश्वसम्पदा सूचीमा छन्? [१]

ख. योमरी र योमरी बनाउने सिपमध्ये कुन अमूर्त सम्पदा हो? [१]

ग. युनेस्कोले काठमाडौँ उपत्यकालाई कहिले खतरामा परेका विश्वसम्पदाको सूचीमा राखेको थियो? [१]

घ. संसारमा दुर्लभ मानिने एकसिङ्गे गैँडा नेपालको कुन राष्ट्रिय निकुञ्जमा पाइन्छ? [१]

ङ. लोकगीतलाई इतिहासको स्रोत किन भनिन्छ? [१]

च. असारमा धान रोप्दा खेतालाहरूले गाउने लोकगीतलाई के भनिन्छ? [१]

छ. एउटा लोकबाजा छालाको थैलामा हावा भरेर बजाइन्छ र सुदूरपश्चिमका बैतडी र दार्चुलातिर प्रचलित छ। यो कुन बाजा हो? [१]

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-10-social/our-social-values-and-norms

ज. एउटा नाचमा नर्तकले देवीदेवताको रूप धारण गरी शास्त्रमा तोकिएका मुद्रा देखाउँछन् र यो नाच गुरुबाट लामो अभ्यास गरेर सिकिन्छ। यो लोकनृत्य हो कि शास्त्रीय नृत्य? **[१]**

५ छोटो उत्तर **[१२]**

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. हाम्रा राष्ट्रिय सम्पदाको आर्थिक, सामाजिक एवम् सांस्कृतिक महत्त्व उल्लेख गर्नुहोस्। **[४]**

ख. नेपाली पञ्चे बाजा समूहमा पर्ने बाजाहरूको नाम र तिनीहरूको विशेषता लेख्नुहोस्। **[४]**

ग. लोकनृत्य र शास्त्रीय नृत्यबिचका भिन्नता तालिकामा देखाउनुहोस्। **[४]**

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-10-social/our-social-values-and-norms

६ लामो उत्तर [७]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

"राष्ट्रिय सम्पदा संरक्षणमा सरोकारवालाको भूमिका" शीर्षकमा सम्पादकीय तयार गर्नुहोस्।

७ सोच्नुहोस् [४]

सोचेर उत्तर लेख्नुहोस्।

काठमाडौँ उपत्यकाका धेरै मन्दिर, पाटी र जात्रा सयौँ वर्षदेखि **गुठी**ले चलाउँदै आएका छन्। गुठीको जग्गाबाट आएको आम्दानीले मन्दिरको मर्मत र जात्राको खर्च चल्थ्यो। गुठीको जग्गा मासिँदै गए सम्पदामा के असर पर्ला?

८ क्रियाकलाप: नेपाली लोकबाजा (अङ्क नदिइने)

पाठका आधारमा तलका लोकबाजाको विवरण लेखेर तालिका पूरा गर्नुहोस्।

बाजा	केबाट बनेको	बजाउने तरिका	कसले वा कुन अवसरमा बजाउँछन्
मादल			
सारङ्गी			
टुङ्ना			
हुड्को			

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-10-social/our-social-values-and-norms